# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, पुस २६ गते, २०८० साल (सङ्ख्या २७

## भाग ३

## बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

### हेटौंडा, नेपालको

### सूचना

### एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावना**ः एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ९ मा संशोधन:** एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ (यसपछि मूल कार्यविधि भनिएको) को दफा (९) को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) र (२) मा लेखिएको सुविधाका अतिरिक्त दुर्गम पालिकामा कार्यरत विद्यालय नर्सको लागि स्थानीय तहले चाहेमा कार्यसम्पादन सूचकका आधारमा स्थानीय तहको आन्तरिक श्रोतबाट प्रोत्साहन भत्ता दिन सक्नेछन्।"

३. **मूल कार्यविधिको दफा १० मा संशोधन:** मूल कार्यविधिको दफा १० को उपदफा (२) मा रहेको "सक्नेछ" भन्ने शब्दको सट्टा "पर्नेछ" भन्ने शब्द राखिएको छ।

४. **मूल कार्यविधिको दफा १२ मा संशोधन:** मूल कार्यविधिको दफा १२ को उपदफा (६) पछि देहायको उपदफा (६क) थप गरिएको छः-

"(६क) विद्यालय नर्सले विद्यालयको वार्षिक क्यालेन्डर बमोजिमको बिदा पाउने छैन र सो अवधिमा विद्यालय नर्सले स्वास्थ्य कार्यालय वा स्थानीय तहमा रही कार्य गर्नु पर्नेछ।"

५. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को,-

(१) खण्ड (क) मा रहेको "पचास" शब्दको सट्टा "साठी" भन्ने शब्द राखिएको छ,

(२) खण्ड (ग) मा रहेको "तीस" शब्दको सट्टा "बीस" भन्ने शब्द राखिएको छ।

६. **<u>मूल कार्यविधिको दफा १८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १८ को,-

(१) उपदफा (२) मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "समितिका संयोजकले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) मा रहेको "सिफारिस" भन्ने शब्द झिकिएको छ।

७. **<u>मूल कार्यविधिको दफा १९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १९ को उपदफा (३) को "द्वारा" भन्ने शब्द पछि "वा प्रदेश लोकसेवा आयोगबाट अपनाइएको अन्य विधिबाट" भन्ने शब्दहरू थपिएका छन्।

८. **<u>मूल कार्यविधिको दफा २० मा संशोधनः</u>** मूल कार्यविधिको दफा २० को,-

(१) उपदफा (२) मा रहेको "पचास" भन्ने शब्दको सट्टा "साठी" भन्ने शब्द राखिएको छ।

९. **<u>मूल कार्यविधिको दफा २१ मा संशोधन</u>:** मूल कार्यविधिको दफा २१ को उपदफा (७) मा देहाय बमोजिम प्रतिबन्धात्मक वाक्यांश राखिएको छन्:-

"तर विद्यालय नर्सको अन्तर्वार्ता अवधि भरमा उपस्थित भएका उम्मेदवारहरूको छुट अन्तर्वार्ता लिन कुनै बाधा पर्नेछैन।"

१०. **<u>मूल कार्यविधिको दफा २२ मा संशोधन</u>:** मूल कार्यविधिको दफा २२ को,-

(१) उपदफा (३) को "दोब्बर" भन्ने शब्दको सट्टामा "तेब्बर" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) को "सूची" भन्ने शब्दको पछाडि "र मेरिट सूची" शब्द राखिएको छ।

(३) उपदफा (८) पछि देहाय बमोजिमको उपदफा (८क) थप गरिएको छ:-

"(८क) एक विद्यालय एक नर्स कार्यक्रम शुरु भएपछि पदपूर्ति भएका कुनै विद्यालयको विद्यालय नर्स पद कुनै कारणबाट रिक्त भएमा यस अघि भएका विज्ञापन मध्ये पछिल्लो विज्ञापनको वैकल्पिक उम्मेदवारबाट उपदफा (७) र (८) बमोजिम करार नियुक्ति समितिले सिफारिस गर्न सक्नेछ।

(८ख) उपदफा (८क) बमोजिम समेत पदपूर्ति हुन नसकेमा दफा २२ को उपदफा (३) बमोजिमको मेरिट सूचिको योग्यताक्रमको आधारमा

वेबसाइटमा सूचना प्रकाशन गरी समितिले पदपूर्ति गर्न सक्नेछ।"

११. **मूल कार्यविधिको दफा २३ मा संशोधनः** मूल कार्यविधिको दफा २३ को उपदफा (२), (३), (४) र (५) को सट्टा देहाय बमोजिमको उपदफा (२), (३), (४) र (५) राखिएका छन्:-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यक ठानेमा प्रत्येक जिल्ला वा समितिले तोकेको जिल्लामा देहाय बमोजिमको सदस्य सम्मिलित विद्यालय नर्स छनौट एवं सिफारिस उपसमिति बनाई विद्यालय नर्स छनौट एवं सिफारिस सम्बन्धी कार्य गर्न सक्नेछः-

(क) प्रमुख, स्वास्थ्य कार्यालय -संयोजक
(ख) अधिकृत प्रतिनिधि, निर्देशनालय -सदस्य
(ग) पब्लिक हेल्थ नर्स, स्वास्थ्य कार्यालय -सदस्य
(घ) प्रतिनिधि, स्वास्थ्य शाखा वा महाशाखा, स्वास्थ्य कार्यालय अवस्थित स्थानीय तह-सदस्य
(ङ) प्रमुख, प्रशासन शाखा, स्वास्थ्य कार्यालय -सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको समिति र उपदफा (२) बमोजिमको उपसमितिका संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समिति वा उपसमिति आफैंले वा एकजना विज्ञ सहित

समिति वा उपसमितिका सदस्यको संयोजकत्वमा बेग्ला बेग्लै एकभन्दा बढी अन्तर्वार्ता समिति वा उपसमिति गठन गरी उम्मेदवारको अन्तर्वार्ता लिन कुनै बाधा पर्नेछैन।

(५) समितिको कार्यविधि र उपदफा (२) र (४) बमोजिमको उपसमितिले गर्ने कार्य सम्बन्धी विषय र कार्यविधि समितिले निर्णय गरे बमोजिम हुनेछ।"

१२. **<u>मूल कार्यविधिको दफा २८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २८ को उपदफा (१) को खण्ड (च) पछि देहाय बमोजिम खण्ड (छ) थप गरिएको छः-

"(छ) हरेक बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेर हेल्थ प्रोफाइल बनाई मन्त्रालयले तोके बमोजिम सफ्टवेयरमा अपलोड गर्ने वा पेश गर्ने।"

१३. **<u>मूल कार्यविधिको दफा ४० मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४० मा रहेको व्यवस्थालाई दफा ४० को उपदफा (१) बनाई उपदफा (२) थप गरिएको छ।

"(२) उपदफा (१) विपरीत विद्यालय नर्सलाई विद्यालयले कार्य गर्न लगाएको पाइएमा सो विद्यालयको विद्यालय नर्सलाई स्थानीय तहले सिफारिस गरेको अन्य विद्यालयमा मन्त्रालयले कामकाज गर्न खटाउन सक्नेछ।"

१४. **<u>मूल कार्यविधिको दफा ४१ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४१ को उपदफा (२) पछि देहाय बमोजिम उपदफा (३) थप गरिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको विद्यालयमा कार्यरत विद्यालय नर्स विवाह गरी अन्यत्र स्थानीय तहमा गएको र सो विवाह गरी गएको स्थानीय तहको विद्यालयमा कार्यरत विद्यालय नर्सको पद रिक्त भई पद रिक्त भएको स्थानीय तहले निजलाई सरुवा गरी ल्याउन सिफारिस गरेमा स्वास्थ्य मन्त्रालयले एक स्थानीय तहको विद्यालयमा कार्यरत विद्यालय नर्सलाई अर्को स्थानीय तहको विद्यालयमा वा एकै स्थानीय तह भित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न वा कामकाज गर्ने गरी खटाउन बाधा पर्ने छैन।"

१५. **मूल कार्यविधिको दफा ४४ पछि दफा ४४(क) थप**ः मूल कार्यविधिको दफा ४४ पछि देहाय बमोजिमको दफा ४४(क) थप गरिएको छः-

"**४४(क) अधिकार प्रत्यायोजन**ः मन्त्रालयले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केहि वा सम्पूर्ण अधिकार मातहतको कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१७. **मूल कार्यविधिको अनुसूची-३ मा संशोधन** मूल कार्यविधिको अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छ।

"अनुसूची- ३

(दफा १३ को खण्ड (ग) सँग सम्बन्धित)

**उम्मेदवारको अन्य पक्षको मूल्याङ्कन**

| सि.नं. | मूल्याङ्कनको आधार | प्रदान गरिने अङ्क | |
|---|---|---|---|
| १. | उम्मेदवारको शैक्षिक योग्यता (श्रेणी उल्लेख नभएको उपाधिको हकमा द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने) | विशिष्ठ श्रेणी | १० |
| | | प्रथम श्रेणी | ९ |
| | | द्वितीय श्रेणी | ८ |
| | | तृतीय श्रेणी | ७ |
| २. | कार्य अनुभव | अधिकतम ५ अङ्क (प्रमाणित कागजातको आधारमा प्रति वर्ष १ अङ्कको दरले अङ्क दिइनेछ) | |
| ३. | स्थानीयता | सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी बासिन्दा भएमा | ३ |
| ४. | आदिवासी/ जनजाति, लोपोन्मुख/ अतिसीमान्तकृत/सीमान्तकृत/दलित जाति भएमा | | २ |
| | जम्मा | २० अङ्क" | |

**आज्ञाले,**
**बद्री बहादुर खड्का**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.५।-